दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेडको

आ.व. २०७२/७३ र आ.व. २०७३/७४ को वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माईन्यूट)

१. बैधानिक सभा

कम्पनी ऐन २०६३ तथा कम्पनीको नियमावली बमोजिम कम्पनीको आ.व. २०७२/७३ र आ.व. २०७३/७४ को वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री अनिल कुमार रुङ्गटाको अध्यक्षतामा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिमका निर्णयहरु भयो ।

२. सभाको मिति, स्थान र समय

मिति : अप्रिल ११, २०१८ (चैत्र २८, २०७४)

समय : दिउँसोको ३:०० बजे, बुधबार

स्थान : अमृत भोग पार्टी प्यालेस, कालिकास्थान, काठमाण्डौ ।

३. सभाको सूचना

सञ्चालक समितिको मिति चैत्र ०१, २०७४ को निर्णय तथा कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम वार्षिक सधारण सभाको सूचना तथा सभामा छलफल हुने विषयहरु सम्बन्धी सम्पूर्ण प्रस्तावहरु सबै शेयरधनीहरुको ठेगानामा पत्राचार गरी सोहि बमोजिमको जानकारीका लागि मिति चैत्र ०६, २०७४ मा राष्ट्रिय दैनिक नयाँ पत्रिकामा र चैत्र ०८, २०७४ मा राष्ट्रिय दैनिक नयाँ पत्रिकामा सूचना प्रकाशित भएको थियो ।

४. प्रस्तावहरु

क) साधारण प्रस्तावहरु

१) संचालक समितिको आ.व. २०७२/७३ र आ.व. २०७३/७४ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०७२/७३ को वासलात, नाफा नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रवाह विवरण माथि छलफल गरी पारित गर्ने ।

३) आ.व. २०७३/७४ को लागि लेखा परिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक अनुमोदन गर्ने ।

४) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०७३/७४ को वासलात, नाफा नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रवाह विवरण माथि छलफल गरी पारित गर्ने ।

५) आ.व. २०७४/७५ को लागि लेखा परिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

६) यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली अनुसार संचालकहरुको निर्वाचन गर्ने ।

ख) बिषेश प्रस्ताव

१) प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने ।

२) सर्वसाधारणको लागि शेयर निस्काशन (IPO) गर्न छलफल गर्ने ।

३) नियमक निकायहरुको निर्देशनमा प्रबन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा परिमार्जन तथा थपघट गर्न आवश्यक भएमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग) विविध

Anil K. Rungta

दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड DKH ESTD. 2066 DORDI KHOLA HYDROPOWER

५. उपस्थिति

५.१ कम्पनी ऐन २०६३ को दफा ६८ बमोजिम उपस्थित सञ्चालकहरु

१. श्री अनिल कुमार रुङ्गटा	अध्यक्ष
२. श्री विनय कुमार भण्डारी	प्रबन्ध सञ्चालक
३. श्रीमती वर्षा श्रेष्ठ	सञ्चालक
४. श्री रमेश प्रसाद नेपाल	सञ्चालक
५. श्री उत्तम ब्लोन लामा	सञ्चालक

५.२ आमन्त्रित

१. श्री आभाष पण्डित	कम्पनी सचिवको तर्फबाट
२. श्री सोम नाथ कंडेल	गान्धी एण्ड एशोसिएट्सका तर्फबाट
३. श्री खडानन्द कण्डेल	निर्वाचन अधिकृत

५.३ शेयरधनीहरुको उपस्थिति

१. उपस्थित हुने अग्राधिकार शेयरधनीहरुको संख्या : ३७६

२. उपस्थित हुने साधारण शेयरधनीहरुको संख्या : १०

३. जम्मा उपस्थित संख्या : ३८६

६. गणपुरक संख्या (कम्पनी ऐन २०६३ को दफा ७३ अनुरुप)

आजको यो सभा वैधानिक भए नभएको तर्फ छलफल गर्दा कम्पनी ऐन २०६३ तथा कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम शेयरधनीको गणपूरक संख्या पूरा भई सभाको वैधानिकता पुरा भएकोले सभाको काम कारवाही अगाडी बढाउन अध्यक्षले निर्देशन दिनुभयो ।

७. छलफल तथा निर्णयहरु

१.साधारण प्रस्तावहरु :

प्रस्ताव नं. ४ (क) १

अध्यक्षले कम्पनीको आ. व. २०७३/०७४ र आ. व. २०७३/०७४ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै सो आ. व. का मुख्य उपलब्धिहरु र भविष्यका कार्यक्रमहरु बारे चर्चा गर्नु भयो । उक्त प्रतिवेदन माथि निम्न शेयरधनी महानुभवहरुले निम्न बमोजिम जिज्ञासा राख्नुभयो ।

यस कम्पनीका शेयरधनी श्री राम बहादुर गुरुङ्गले लमजुङ्ग विद्युत विकास कम्पनी लि. को यस कम्पनीमा लगानी छ भनियो के कति लगानी छ, कम्पनीको शेयर Structure मा संस्थागत लगानी कर्ता पनि उल्लेख हुनुपर्ने, भनि आफ्ना भनाई जिज्ञासा तथा सुझावहरु राख्नु भयो ।

त्यस्तै अर्का शेयरधनी श्री विजय कुमार रंजितले विद्युत उत्पादन कहिले देखि हुन्छ, २०७६ साल मंसिर भित्र विद्युत उत्पादन गर्ने भनिएको छ यदि सो समय भित्र विद्युत उत्पादन भएन भने के अवस्था हुन्छ, क्षतिपुर्ती सम्बन्धी के व्यवस्था छ भनि आफ्ना प्रश्न राख्नु भयो ।

Anil K. Rungta

दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड DKJ ESTD. 2068 DORDI KHOLA HYDROPOWER

शेयरधनी श्री राम बहादुर बोहराले शेयर पूँजीको Structure मा आफ्नो शेयर कुन शेयरमा पर्छ भनि आफ्ना जिज्ञासाहरु राख्नु भयो ।

त्यस्तै अन्य शेयरधनी महानुभावहरुले लेखा परिक्षण प्रतिवेदनमा लेखा परिक्षकको मात्र हस्ताक्षर भएको तर सञ्चालकहरुको हस्ताक्षर किन नभएको भनि जिज्ञासा तथा प्रश्नहरु राख्नु भयो ।

शेयरधनीहरुले उपरोक्त अनुसार कम्पनीले आगामी कार्यक्रमहरुको बारेमा लगायत अन्य विषयहरुमा राखेको जिज्ञासाहरु माथि कम्पनीका प्रबन्ध संचालकले प्रस्ट पार्नु भयो । तत्पश्चात अध्यक्षले पेश गर्नु भएको प्रतिवेदन सर्वसम्मतले पारित गरियो ।

प्रस्ताव नं. ४ (क) २

लेखापरीक्षकले तयार पार्नुभएको आ. व. २०७२/०७३ को वासलात, नाफा नोक्सान तथा आर्थिक विवरण वार्षिक साधारण सभामा स्वीकृतिका लागि पेश गरियो । लेखापरिक्षकले पेश गर्नुभएको आ.व. २०७२/७३ को प्रतिवेदन माथि छलफल भै उक्त प्रतिवेदन साधारण सभामा उपस्थित सबै शेयरधनीद्वारा सर्वसम्मतले पारित गरियो ।

प्रस्ताव नं. ४ (क) ३

अध्यक्षले आ.व. २०७३/०७४ को लागि लेखापरीक्षक नियुक्ति गरी निजको पारिश्रमिक तय गर्ने प्रस्ताव बैठक समक्ष राख्नु भयो । अध्यक्षद्धारा कम्पनीको आ.व २०७३/०७४ का लागि पि. महासेठ एण्ड कम्पनीका परमेश्वर महासेठलाई संचालक समितिले आ.व. २०७३/७४ को लेखापरीक्षक नियुक्ति गरेको र निजको पारिश्रमिक कर सहित रु. ४०,०००/- (अक्षरुपी रुपैयाँ चालिस हजार मात्र) निर्धारण गरेकोमा सो प्रस्ताव पारित गर्न बैठकलाई अनुरोध गर्नुभयो ।

छलफल पश्चात्, सबै शेयरधनीहरु द्वारा सर्वसम्मत्मा, पि. महासेठ एण्ड कम्पनीका परमेश्वर महासेठलाई आ.व. २०७३/०७४ को लेखापरीक्षक नियुक्ति गर्ने प्रस्ताव पारित गरियो र निजको पारिश्रमिक कर सहित रु. ४०,०००/- (अक्षरुपी रुपैयाँ चालिस हजार मात्र) हुने प्रस्ताव पारित गरियो ।

प्रस्ताव नं. ४ (क) ४

लेखापरीक्षकले तयार पार्नुभएको आ. व. २०७३/०७४ को वासलात, नाफा नोक्सान तथा आर्थिक विवरण वार्षिक साधारण सभामा स्वीकृतिका लागि पेश गरियो । लेखापरिक्षकले पेश गर्नुभएको आ.व. २०७३/७४ को प्रतिवेदन माथि छलफल भै उक्त प्रतिवेदन साधारण सभामा उपस्थित सबै शेयरधनीद्वारा सर्वसम्मतले पारित गरियो ।

प्रस्ताव नं. ४ (क) ५

अध्यक्षले आ.व. २०७४/०७५ को लागि लेखापरीक्षक नियुक्ति गरी निजको पारिश्रमिक तय गर्ने प्रस्ताव बैठक समक्ष राख्नु भयो । अध्यक्षद्धारा कम्पनीको आ.व २०७४/०७५ का लागि पि. महासेठ एण्ड कम्पनीका परमेश्वर महासेठलाई आ.व. २०७४/७५ को लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक कर सहित रु. १,००,०००/- (अक्षरुपी रुपैयाँ एक लाख मात्र) निर्धारण गर्ने प्रस्ताव बैठक सामु राख्नुभयो।

Anil K. Rauta

DORDI KHOLA HYDROPOWER ESTD. 2066

छलफल पश्चात्, सबै शेयरधनीहरु द्वारा सर्वसम्मत्मा पि. महासेठ एण्ड कम्पनीका परमेश्वर महासेठलाई आ.व. २०७४/०७५ को लेखापरीक्षक नियुक्ति गरियो र निजको पारिश्रमिक कर सहित रु. १,००,०००/- (अक्षरुपी रुपैयाँ एक लाख मात्र) हुने प्रस्ताव पारित गरियो ।

प्रस्ताव नं. ४ (क) ६

कम्पनी सचिवले यस कम्पनीको संचालक समितिमा संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने सबै संचालकको कार्यकाल समाप्त भएको हुँदा उक्त ५ जना संचालकको निर्वाचन गर्न आवश्यक भएकोले निर्वाचन अधिकृत श्री खडानन्द कण्डेललाई निर्वाचनको प्रकृया सम्पन्न गर्न आमन्त्रित गर्नुभयो ।

निर्वाचन अधिकृत श्री खडानन्द कण्डेलले संचालक समितिमा संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने ५ जना सञ्चालकको निर्वाचनको लागि शेयरधनी श्री लमजुङ्ग विद्युत विकास कम्पनी लिमिटेडको तर्फबाट पाँच जनाको मात्र उम्मेदवारी दर्ता भएकोले आगामी ४ वर्षको कार्यकालको लागि निम्न बमोजिमका महानुभावहरु संचालक पदमा निर्विरोध निर्वाचित हुनुभएको घोषणा गर्नुभयो ।

१. श्री अनिल कुमार रुङ्गटा	सञ्चालक
२. श्री विनय कुमार भण्डारी	सञ्चालक
३. श्रीमती वर्षा श्रेष्ठ	सञ्चालक
४. श्री रमेश प्रसाद नेपाल	सञ्चालक
५. श्री उत्तम ब्लोन लामा	सञ्चालक

निर्वाचन अधिकृत श्री खडानन्द कण्डेलले नवनिर्वाचित संचालकहरुलाई उहाँहरुको कार्यकालको सफलताको कामना गर्नुभयो ।

२. विषेश प्रस्तावहरु

प्रस्ताव नं. ४. (ख) १

अध्यक्षले यस दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेडको हाल कायम रहेको प्रबन्धपत्र तथा नियमावलीमा निम्न बमोजिम हुने गरी प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने प्रस्ताव यस साधारण सभामा प्रस्तुत गर्नु भयो ।

छलफल पश्चात् साधारण सभामा उपस्थित शेयरधनीहरुबाट प्रबन्धपत्रको दफा ४ र दफा ६ मा र नियमावलीको नियम १३ र नियम २७ मा देहाय बमोजिम हुने गरी संशोधन गरिने निर्णय सर्वसम्मतले पारित गरियो ।

दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड DKJ ESTD. 2066 DORDI KHOLA HYDROPOWER

प्रबन्धपत्र र नियमावलीमा संशोधन (तिन महले)

प्रबन्धपत्रमा संशोधन (तिन महले)

साविक व्यवस्था	हालको व्यवस्था	संशोधन गर्नु परेको कारण
दफा ४ कम्पनीको उद्देश्य :	**दफा ४ कम्पनीको उद्देश्य :**	
(१)(च) हाल व्यवस्था नभएको ।	(१)(च)विभिन्न जलविद्युत आयोजनाहरुको अनुमति पत्र प्राप्त गरी अध्ययन गर्ने, निर्माण गर्ने, विद्युत उत्पादन गर्ने ।	आवश्यक भएकोले ।
(१) (छ) हाल व्यवस्था नभएको	(१) (छ) जलविद्युत तथा अन्य वैकल्पिक उर्जाको सर्वेक्षण, उत्पादन तथा बिक्री वितरणमा संलग्न व्यक्ति, कम्पनी वा अन्य संगठित संस्थालाई प्राविधीक व्यवस्थापन तथा अन्य परामर्श सेवा प्रदान गर्ने ।	आवश्यक भएकोले ।
दफा ६ कम्पनीको पूँजीको संरचना :	**दफा ६ कम्पनीको पूँजीको संरचना :**	
(६)(ग) कम्पनीको संस्थापकहरुको तत्काल चुक्ता गर्न कबुल गरेको पूंजी रु १,९०,००,००० (एक करोड नब्बे लाख) हुनेछ ।	(६)(ग) हटाईएको छ ।	सान्दर्भिक नरहेकोले ।

नियमावलीमा संशोधन (तिन महले)

साविक व्यवस्था	हालको व्यवस्था	संशोधन गर्नु परेको कारण
नियम १३ शेयरको प्रमाण पत्र :	**नियम १३ शेयरको प्रमाण पत्र :**	
कम्पनीले जारी गर्ने शेयरको प्रमाण पत्रमा अध्यक्ष र कम्पनी सचिवले दस्तखत गरेको हुनुपर्नेछ ।	कम्पनीले जारी गर्ने शेयरको प्रमाणपत्रमा अध्यक्ष वा कम्पनीको कार्यकारी प्रमुख वा कम्पनी सचिव मध्ये दुई जनाको दस्तखत र कम्पनीको छाप लगाई शेयर प्रमाणपत्र दिइनेछ ।	कम्पनी ऐन, २०६३ अनुरुप हुनु पर्ने भएकोले
नियम २७ सञ्चालक समितिको गठन, संख्या र कार्यकाल :	**नियम २७ सञ्चालक समितिको गठन, संख्या र कार्यकाल :**	
(२७)(ग) निजहरुको कार्यकाल ४ वर्षको हुनेछ ।	(२७)(ग) सञ्चालकहरुको कार्यकाल ४ वर्षको हुनेछ । तर यस नियमावलीका	आवश्यक भएकोले ।

Anil K. Bunyta

DW ESTD. 2068 BORDI KHOLA HYDROPOWER

	अन्य नियमहरुमा जुन सुकै कुरा उल्लेख भएतापनि संस्थागत शेयरधनीहरुबाट नियुक्त हुने संचालकको कार्यकाल त्यस्ता संस्थागत शेयरधनीहरुले चाहेको अवधि सम्म कायम रहने छ ।	

प्रस्ताव नं. ४ (ख) २

अध्यक्षले यस कम्पनीको शेयर सर्वसाधारणको लागि शेयर निष्काशन (IPO) गर्ने सम्बन्धमा छलफलका लागि यस सभामा राख्नु भयो ।

उक्त प्रस्तावका सम्बन्धमा सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुले यस कम्पनीमा रहेका सम्पूर्ण अग्राधिकार शेयर साधारण शेयरमा परिणत भए पछि सर्वसाधारणको लागि शेयर निष्काशन (IPO) गर्ने राय तथा सुझाव व्यक्त गर्नु भयो ।

प्रस्ताव नं. ४ (ख) ३

अध्यक्षले कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा ३ (क) एवं यस कम्पनीको नियमावलीको नियम १९ (७) बमोजिम ६७ प्रतिशत भन्दा बढी शेयर स्वामित्व भएको यस कम्पनीको संस्थापक शेयरधनी लमजुङ्ग विद्युत विकास कम्पनी लिमिटेडका तर्फबाट मिति आषाढ २८, २०७५ गते सम्पूर्ण अग्राधिकार शेयर साधारण शेयरमा परिवर्तन गर्ने र अग्राधिकार शेयर साधारण शेयरमा परिवर्तन भए पश्चात प्रबन्धपत्र तथा नियमावलीमा गर्नुपर्ने आवश्यक संशोधनको लागि प्रस्तुत प्रस्ताव पारित गरी सोहि मिति देखि लागु गरियोस भनी निर्णयका लागि पेश भएको हुँदा उक्त प्रस्तावमा छलफल गर्ने निर्णय गर्दै सभा समक्ष पेश गर्नुभयो ।

छलफल र विचार पश्चात उपस्थित सबै शेयरधनीहरु द्वारा आषाढ २८, २०७५ बाट लागु हुने गरी यस कम्पनीमा रहेका सम्पूर्ण अग्राधिकार शेयरहरु साधारण शेयरमा परिवर्तन गर्ने र प्रबन्धपत्र तथा नियमावलीमा देहाय बमोजिम हुने गरी संशोधन गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

प्रबन्धपत्र र नियमावलीमा संशोधन (तिन महले)

प्रबन्धपत्रमा संशोधन (तिन महले)

साविक व्यवस्था	हालको व्यवस्था	संशोधन गर्नु परेको कारण
दफा ६ कम्पनीको पूँजीको संरचना : (६)(क) यस कम्पनीको अधिकृत पूँजी रु. १,२०,००,००,०००/- (एक सय बीस करोड) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- (एक सय) दरका २०,००,००० (बीस लाख)	दफा ६ कम्पनीको पूँजीको संरचना : (६)(क) यस कम्पनीको अधिकृत पूँजी रु. १,२०,००,००,०००/- (अक्षेरुपी रुपैयाँ एक अर्ब बीस करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- (एक सय) दरका १,२०,००,००० (एक	अग्राधिकार शेयर साधारण शेयरमा परिवर्तन हुने भएकोले ।

Anil K. Rungta

DORDI KHOLA HYDROPOWER ESTD. 2080

थान साधारण शेयर र प्रति शेयर रु. १००/- (एक सय) दरका १,००,००,००० (एक करोड) थान अग्राधिकार शेयरमा विभाजन गरिएको छ ।	करोड बीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।	
(६)(ख) कम्पनीको जारी पूँजी रु. १,२०,००,००,०००/- (एक सय बीस करोड) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- (एक सय) दरका २०,००,००० (बीस लाख) थान साधारण शेयर र प्रति शेयर रु. १००/- (एक सय) दरका १,००,००,००० (एक करोड) थान अग्राधिकार शेयरमा विभाजन गरिएको छ ।	(६)(ख) कम्पनीको जारी पूँजी रु. १,२०,००,००,०००/- (अक्षेरुपी रुपैयाँ एक अर्ब बीस करोड) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- (एक सय) दरका १,२०,००,००० (एक करोड बीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।	अग्राधिकार शेयर साधारण शेयरमा परिवर्तन हुने भएकोले ।
दफा ७ कम्पनीको शेयरको किसिम : कम्पनीले हाल साधारण र अग्राधिकार शेयर दुवै जारी गरेको छ । अग्राधिकार शेयरलाई नियमावलीमा उल्लेख भए बमोजिम साधारण शेयरमा परिणत गरिनेछ ।	**दफा ७ कम्पनीको शेयरको किसिम :** कम्पनीले हाल साधारण शेयर मात्र जारी गरेको छ ।	अग्राधिकार शेयर साधारण शेयरमा परिवर्तन हुने भएकोले ।

नियमावलीमा संशोधन (तिन महले)

साविक व्यवस्था	हालको व्यवस्था	संशोधन गर्नु परेको कारण
नियम ७ विभिन्न वर्गका शेयरहरु जारी गर्ने भए त्यस्ता शेयरको वर्ग, त्यसमा निहित शेयरधनीको हक, अधिकार तथा बन्देजहरु :	**नियम ७ विभिन्न वर्गका शेयरहरु जारी गर्ने भए त्यस्ता शेयरको वर्ग, त्यसमा निहित शेयरधनीको हक, अधिकार तथा बन्देजहरु :**	
(७)(क) साधारण शेयरका साथै अग्राधिकार शेयरहरु जारी गरिएको छ ।	(७)(क) हाल साधारण शेयर मात्र जारी गरिएको छ ।	अग्राधिकार शेयर साधारण शेयरमा परिवर्तन हुने भएकोले ।
(७)(ख) अग्राधिकार शेयर साधारण शेयरमा परिणत भैसके पश्चात सम्पूर्ण शेयरधनीहरुको दायित्व र अधिकार समान हुनेछ । यस पश्चात् अग्राधिकार शेयरधनीहरु प्रति कम्पनीको कुनै दायित्व बाँकी रहेको मानिने छैन ।	(७)(ख) हटाईएको छ ।	अग्राधिकार शेयर साधारण शेयरमा परिवर्तन हुने भएकोले ।
नियम ९ अग्राधिकार शेयर सम्बन्धि	**नियम ९ अग्राधिकार शेयर सम्बन्धि**	

Anil K. Rungta

दोरी खोला जलविद्युत कम्पनी लिमिटेड DORDI KHOLA HYDROPOWER ESTD. 2066

व्यवस्था : हाल अग्राधिकार शेयर सम्बन्धि व्यवस्था गरिएको छ । क) अग्राधिकार शेयरधनीहरुलाई साधारण सभामा मत दिने अधिकार हुने छैन । ख) अग्राधिकार शेयरमा दिइने लाभांसको बारेमा कम्पनी ऐन अनुसार व्यवस्था गरिएको छ । ग) सम्पूर्ण अग्राधिकार शेयरहरु ऐन बमोजिम साधारण शेयरमा परिणत हुने छ । तर अग्राधिकार शेयरधनीलाई साधारण शेयरमा परिणत हुदा सर्वसाधारणलाई छुट्टाइएको शेयरको अनुपात २५% मा कायम रहने छ । घ) कम्पनी खारेज भएको अवस्थामा शेयरको रकम फिर्ता गर्दा अग्राधिकार शेयरधनीलाई साधारण शेयर धनीलाई भन्दा पहिलो अधिकार हुनेछ ।	व्यवस्था : हाल अग्राधिकार शेयर सम्बन्धि व्यवस्था गरिएको छैन ।	अग्राधिकार शेयर साधारण शेयरमा परिवर्तन हुने भएकोले ।

प्रस्ताव नं. ४ (ख) ४

अध्यक्षले यस कम्पनीको प्रबन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा नियमन निकायले कुनै निर्देशन दिएको कारण प्रबन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा परिमार्जन गर्न थपघट गर्न परेको अवस्थामा संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव अनुमोदनका लागि यस साधारण सभामा पेश गर्नु भयो ।

छलफल र विचार पश्चात, सबै शेयरधनीहरु द्वारा यस कम्पनीको प्रबन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा नियमन निकायले कुनै निर्देशन दिएको कारण प्रबन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा परिमार्जन गर्न थपघट गर्न परेको अवस्थामा संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव सर्वसम्मत रुपमा पारित गरियो ।

प्रस्ताव नं. ४ (ग)

अन्त्यमा छलफलको लागि अन्य कुनै प्रस्ताव बाँकी नभएकोले कम्पनी सचिवले उपस्थित शेयरधनीहरु, सञ्चालकहरु र आमन्त्रित सबैलाई धन्यवाद दिदै आजको साधारण सभाको बैठक समापन भएको घोषणा गर्नुभयो ।

Anil K. Rungta

दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड DOORDI KHOLA HYDROPOWER ESTD. 2068